APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

# तम्मर तरौँन लोकगीतको विधातात्त्विक अध्ययन

डा कुलराज निरौला
सहप्राध्यापक
पद्मकन्या बहुमुखी क्याम्पस
sniraula1122@gmail.com

Received: Feb 26, 2025 Revised: May 15, 2025 Accepted: May 25, 2025

लेखसार

प्रस्तुत लेख लोकसाहित्यका विधाहरूमध्ये लोकप्रिय विधाका रूपमा परिचित 'तम्मरै तरौँन' लोकगीतको विधातत्त्वका आधारमा विश्लेषण गर्ने उद्देश्यमा केन्द्रित रहेको छ । यस क्रममा लोकसाहित्यका सिद्धान्तमा अधारित भएर लोकगीतका तत्त्वहरूलाई विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ । लोकगीतका तत्त्वहरूमा विषयवस्तु, संरचना, भाषाशैली, लय वा भाका, स्थायी तथा अन्तरा र उद्देश्यका साथै यस गीतको सामाजिक तथा सांस्कृतिक सम्बन्ध र तनाव व्यवस्थापनलाई समेत आधार बनाएर उक्त गीतको विश्लेषण गरिएको छ । यस लेखको प्राथमिक सामग्रीका रूपमा बेनुप्रसाद चुडालबाट सङ्कलित 'तम्मरै तरौँन' लोकगीतको मूलपाठ तयार गरी प्राप्त तथ्यलाई विश्लेषणको आधार बनाइएको छ । लेखमा द्वितीयक सामग्रीका रूपमा लोकसाहित्यका साथै लोकगीतसँग सम्बद्ध सिद्धान्तलाई उपयोग गरिएको छ । विश्लेष्य गीत पूर्वी पहाडी जिल्ला ताप्लेजुङ र मूलतः त्यस आसपासका जिल्लामा समेत लाग्ने मेलाबजारमा गाइने हुँदा त्यहाँ बसोवास गर्ने समुदायका लोकजीवनको प्रतिविम्ब यसमा प्रकट भएको छ । गीतमा प्रेमी र प्रेमिकाका बिचमा हुने जुहारीका माध्यमबाट कसरी आफ्नो जीवन साथी बनाउन पुग्दछन् भन्ने प्रस्ट पारिएको छ । उनीहरू भेट हुन मेलाबजार जाने गर्दछन् र त्यहाँ चिनाजान भएपछि घरजाम गर्ने कुरा सम्मको अठोट गर्दछन् भन्ने विमर्श समेत यस लेखमा गरिएको छ । पूर्वी पहाडमा बसोवास गर्ने जातजातिका युवायुवतीहरूमा प्रेम गर्नु पूर्व जे जस्ता शङ्का उपशङ्का भए पनि देवीदेवता र पञ्चलाई राखेर गरेको वैवाहिक जीवन र त्यसमा बाँधिन पाए मात्र दिगो हुन्छ भन्ने मनोभावना गीतमा व्यक्त भएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ ।

*शब्दकुञ्जी : प्रण, प्रस्रवण, वनिता, सदाकालिक, सम्पादन ।*

## विषयपरिचय

लोकसाहित्यका विभिन्न विधाहरूमध्ये लोकगीत सशक्त विधाका रूपमा परिचित छ । ताप्लेजुङ जिल्लाका साथै यस आसपासका जिल्लामा समेत लोकप्रिय गीतका रूपमा प्रचलनमा रहेको 'तम्मरै तरौँन' लोकगीत अद्यापि हाटबजार मेलापातमा गाइदै आएको छ । ताप्लेजुङ जिल्लाका साथै यस आसपासका जिल्लामा समेत यो गीत स्थानीय लोककलाकारहरूद्वारा विभिन्न अवसरमा प्रस्तुत गरेको पाइन्छ । तसर्थ ताप्लेजुङमा लाग्ने मेलाबजारका साथै यस जिल्लाका आसपासमा यो गीत पुरानो समयदेखि गाइदै आएको

सहजै अनुमान गर्न सकिन्छ । मौखिक परम्पराका रूपमा प्रचलनमा रहेका यस प्रकारका लोकलोकगीतहरू आज आएर कतिपय लोप हुने अवस्थामा पुगेका छन् भने कतिपय लोप भइसकेका छन् । तसर्थ यिनीहरूको संरक्षणका लागि अध्ययन हुन आवश्यक छ । ताप्लेजुङ जिल्लाका नदीहरूमध्ये तमोर र काबेली नदी महत्त्वपूर्ण नदीहरू हुन् । तिब्बतको ह्लासाबाट प्रवाहित हुँदै आएको तमोर नदी यस क्षेत्रमा प्रसिद्ध रहेको छ । यसै नदीलाई तम्मर या तमोर नदी भनेर यहाँ चिनिन्छ । यस क्षेत्रमा तम्मर थेगोका रूपमा प्रयोग गरी थुप्रै जुहारी अर्थात् दोहारी लोकगीतहरू गाइन्छन् । ती गीतहरूमध्ये यो पनि एक लोकप्रिय गीतका रूपमा रहेको छ ।

विशेषत: ताप्लेजुङ जिल्ला र यसका आसपासका जिल्लामा गाइदै आएका यस प्रकारका गीतहरू प्रशस्त मात्रामा उपलब्ध छन् । यो क्षेत्र तमोर नदीको प्रस्रवण क्षेत्र हो । नेपालको यो क्षेत्र पनि प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले जति महत्त्वपूर्ण छ त्यति नै लोकसाहित्यका दृष्टिले पनि महत्त्वपूर्ण रहेको छ भन्ने कुरामा दुई मत छैन । यो क्षेत्र विभिन्न जातजातिका मानिसहरूको बसोवास रहेको हुँदा उनीहरूका आआफ्नै सांस्कृतिक तथा समाजिक परम्परा रहेका छन् । त्यसको प्रभाव लोकसहित्यका विधामा पर्नु अस्वाभाविक होइन । यस क्षेत्रमा विभिन्न समुदायका मानिसहरूको बसोवास रण्हेको छ । यहाँ शेर्पा, वालुङ, तोक्पे, भोटे, राई, लिम्बू, मगर, तामाङ, नेवार, याख्खा, सुनुवार, लेप्चा, माझी, ब्राह्मण, क्षत्री, कामी, दमाइँ, सार्की, जोगी आदि जातिको बसोवास रहेको छ (राष्ट्रिय जनगणना २०७८, पृ. १०३) । यहाँ बसोवास गर्ने सबै जातजातिका आआफ्नै भाषा, संस्कृति, रीतिरिवाज, परम्परा, चालचलन, भेषभूषा, खानपान, पूजाआजा, देवीदेवता, रहनसहनका साथै सांस्कृतिक परम्परा सबै जातजातिका पहिचानका रूपमा रहेका छन् । यस क्षेत्रमा साकेला, पालम, जुवारी, झ्याउरे, हाक्पारे, ख्याली, सेलो, सँगिनी, बालुन, चौसी, भौलो, रोपाइँ, रत्यौली, दमाइँ, टुङ्ना, सरदेवीका साथै विभिन्न प्रकारका लोकगीत प्रचलनमा छन् । यी सबै लोक जीवनमा प्रचलित सांस्कृतिक परम्पराको आंशिक रूपमा अध्ययन भए पनि सबैको अध्ययन अनुसन्धान हुन सकेको छैन । लोकजीवनमा परम्परादेखि मौखिक रूपमा प्रवाहित हुँदै आएको 'तम्मरै तरौंन' गीतलाई यहाँ अध्ययनको आधार बनाइएको छ । यो ताप्लेजुङ जिल्ला र यसका आसपासका क्षेत्रमा गाइने हुँदा यस गीतको विधातत्त्वका आधारमा अध्ययन गर्नु यसको सीमा हो भने लोकगीतका तत्त्वहरूका साथै सामाजिक तथा सांस्कृतिक सम्बन्ध र यसले तनाव व्यवस्थापनमा पार्ने प्रभावलाई समेतलाई आधार मानेर विवेचना गर्नु यस अध्ययनको सीमा हो ।

## शोधविधि

प्रस्तुत अध्ययनका लागि सामग्रीको सङ्कलन क्षेत्रकार्यका साथै पुस्तकालायबाट गरिएको छ । यस क्रममा ताप्लेजुङ जिल्लाका पुराना गायक श्री बेनु चुडाल वर्ष ७६ बाट २०८० साल माघ महिनामा सङ्कलन गरिएको हो । यसको सङ्कलन गर्दा भिडियो क्यामरा र अन्य विद्युतीय सामग्रीको समेत उपयोग गरी सङ्कलन गरिएको छ । यस गीतको सङ्कलन गर्दा म आफू स्वयम् उपस्थित भई गरिएको तथा सङ्कलन गरिएका गीतको श्रवण गरी यथारूपमा पाठ तयार पारी सो पाठलाई उपयोग गरिएको छ । यसरी सङ्कलन गरिएका सामग्रीलाई प्राथमिक सामग्रीका रूपमा र विश्लेषणका लागि आवश्यकता अनुसार लोकगीतको सैद्धन्तिक परिचयका लागि पुस्तकालय कार्यबाट द्वितीयक सामग्रीको उपयोग गरिएको छ ।

यो गीत समाजमा कुन समयमा के कसरी कस कसको सहभागितामा प्रस्तुत गरिन्छ भन्ने विषयलाई समेत विवेचना गरी प्रस्ट पारिएको छ ।

## सैद्धान्तिक आधार

लोकजीवनमा उमङ्गका साथ प्रस्तुत गरिने गीत नै लोकगीत हो । लोकसाहित्यका विधाहरूमध्ये लोकगीत सशक्त विधाका रूपमा परिचत छ । आवालवृद्ध वनिता सबैका लागि प्रिय विधा लोकगीतमा लोकजीवनका आशा, निराशा, सुख, दुःख, आँसु हाँसो, रोदन, माया, प्रेम जस्ता कुराराहरू लयात्मक तथा कलात्मक रूपमा गायकहरूले प्रस्तुत गर्दछन् (पराजुली, २०५७ : ६७) । श्रुति परम्परामा जीवन्त रहदै आएका लोकगीतले श्रोतालाई आनन्द प्रदान गर्ने हुँदा यो सबैका लागि ग्राह्य हुन्छ । लोकजीवनमा जहिले जहाँ पनि गाएर प्रस्तुत गरिने लोकगीतले श्रुति मधुरताका कारण सबैलाई प्रभावित पार्दछ । मौखिकता, श्रुतिपरम्परा, सङ्गीतात्मकता, सरलता र सरसता, सामूहिक भावभूमि, स्थानीय रङ्ग, परिवर्तनशीलता, स्वच्छन्दता जस्ता गुणहरू पाइने लोकगीतमा पाइने विशेषताहरू हुन् (शर्मा र लुइटेल, २०६३ : ७७) । लोकसाहित्यको प्रमुख विधाका रूपमा स्थापित लोकगीतबाट नै आधुनिक गायन परम्पराको थालनी भएको हुँदा यसको महत्त्वपूर्ण स्थान छ । नेपाली जनजीवनमा गीतको परम्परालाई खोज्दै जाँदा प्राकृतिक विषयसम्म पनि पुग्न सकिन्छ । चराहरूको कलरव, छहराको छङछङ र नदीहरूका वहाइमा पनि लोकगीतका गुञ्जनको अनुभूति हुन्छ । लोकगीत मानिसले मात्र मन पराउने होइन पशुहरूले पनि मन पराउँछन् । सुमधुर लोकगीतलाई मन नपराउने मानिस कमै हुन्छन् । लोकगीतलाई सुनेर रोगीले समेत आनन्द अनुभव गर्दछ र तनाव मुक्त हुन्छ भन्ने भनाइ छ । मानिसका कठोर हृदयलाई पनि पगाल्न सक्ने क्षमता लोकगीतमा रहेको हुन्छ । लोकगीतले मानिसलाई संवेदना उत्पन्न गर्न सकेन भने कि त्यो पशु हो कि योगी हुनुपर्छ भनिएको छ ।

लोकगीतमा कुनै न कुनै विषयवस्तु अनिवार्य रूपमा आएको हुन्छ । यो गेयात्मक र लयात्मक भएर पनि स्वतःस्फूर्त रूपमा अभिव्यक्त हुन्छ (लामिछाने, २०७७, पृ. १३२) । तसर्थ लोकगीतमा कुनै न कुनै विषय आउँछ । विषयवस्तुका आधारमा लोकगीतलाई विद्वान्हरूले सदाकालिक गीत, संस्कार गीत, पर्वगीत, धार्मिक गीत र श्रमगीत र विविध गीत गरी विभाजन गरेको पाइन्छ (शर्मा र लुइटेल, २०७७, पृ. ८४) । यस आधारमा तम्मरै तरौंन युवायुवतीका बिचको प्रेम सम्बन्धलाई मार्मिक रूपमा प्रस्तुत गरिएको सदाकालिक लोकगीत हो । यहाँ लोकगीतका तत्त्वका रूपमा विषयवस्तु, भाषाशैली, संरचना, लय वा भाका, स्थायी अन्तरा र थेगो, उद्देश्यलाई विश्लेषणको मुख्य आधार बनाइएको छ (पराजुली, २०७४, पृ. १७४) । यसका साथै अध्ययनका लागि समाजिक तथा सांस्कृतिक सम्बन्ध र तनाव व्यवस्थापनलाई समेत अध्ययनको आधारका रूपमा उपयोग गरिएको छ ।

## प्रस्तुति

'तम्मरै तरौंन' लोकगीत जुहारीका रूपमा प्रस्तुत हुँदै आएको छ । यो बाह्रै महिना गाइने गीत हो । लोकसाहित्यका विधाहरूमध्ये लोकप्रिय विधाका रूपमा परिचित लोकगीत पनि अलगअलग परिवेशमा प्रस्तुत गरिन्छन् । यहाँ प्रस्तुति भन्नाले विधा प्रस्तुत गरिएको स्थान, समय र त्यहाँको अवस्थालाई सङ्केत गर्दछ । विश्लेषण कर्ताले अध्ययन गरिएको विधा कुन ठाउँ, कुन परिस्थति र के कस्ता अवसरमा प्रस्तुत गरिएको हो सो कुरा प्रस्टसँग उल्लेख गर्नु उपयुक्त हुन्छ । विधा सम्पादन कर्ताले लोकगीत प्रस्तुत गरिरहेको

छ भने मनोरञ्जानात्मक प्रस्तुति हुन्छ भने अनुष्ठान परिपूर्तिका लागि सम्पादन गरिएको भए त्यसै अनुकूल धार्मिक आस्था प्रकट भएको अवस्थामा विधा प्रस्तुत गरिएको मानिन्छ । लोकगीतको प्रस्तुति कुन समयमा के कसरी सम्पन्न भएको छ, त्यस अवस्थाको सम्पूर्ण विवरण प्रस्तुतिअन्तर्गत अध्ययन कर्ताले राखेर प्रस्तुत गर्नु उपयुक्त हुन्छ । प्रस्तुतिको परिवेश भौतिक वा मानसिक जे जस्तो छ त्यस कुरालाई अध्येताले जानकारी गराउनु विश्वसनीय हुन्छ । 'तम्मरै तरौँन' लोकगीत मूलत: कोसी प्रदेशका विभिन्न जिल्लामा प्रस्तुत गरिन्छ । ताप्लेजुङ, पाँचथर र तेह्रथुमका साथै धनकुटा जिल्लामा समेत लाग्ने हाटबजारमा युवायुवतीहरूले बजारमा उपस्थित भएर यो गीत गाउने गर्दछन् । यस प्रकारका गीतहरूले त्यस क्षेत्रका बजारमा उपस्थित सबैलाई मनोरञ्जन प्रदान गर्दछन् । यसका साथै गाउँघरमा आयेजाना गरिने पूजा पुराणमा जागृत बस्दा या विभिन्न अवसरमा आयोजना गरिने सभासमारोहका साथै विभिन्न कार्य क्रममा समेत यसको प्रस्तुति भएको पाइन्छ । यस क्षेत्रमा लाग्ने प्रमुख मेलाहरूमा पुसेमेला, मदन मेला, माईमेला, गजुरमुखी मेला, लाखे जात्रा, रोपाइँ जात्रा, वराहक्षेत्र मेला, माघेमेला आदि मेलामा समेत यस गीतको प्रस्तुति हुने गर्दछ ।

तम्मरै तरौँनको मूलपाठ

केटा: बन्दुकै त पड्कियो रन्जोगले, बेला मौका भेट्भयो सन्जोगले ।
तम्मरै तरौँन, भेट् भाको बेलामा चिनजान गरौँन ॥

केटी: साउकी छोरी मुख्याकी बुहारी, तिमी हामी खेलौन जुहारी ।
तिनजुरेको वन, मायालाई नभेट्दा रुन्छ मेरो मन ॥

केटा: कालो केश रातो छ रिबन, हाँस खेलगरी बिताउन जीवन ।
फुङलिङ दोभान, हाँसखेल गरेर बिताउँ जीवन ॥

केटी: म त परेँ अर्काकी जहान, गोली जस्तो बोलीले नहान ।
इलाम बजार, लाऊँ माया भन्ने त छन् है हजार ॥

केटा: हामीसँग आउँछ्यौ की आउँदिनौ, हामी जस्तो हजारमा पाउदिनौ ।
भाले मुजुर, मनसङ्लो पार्नुहोस् माया हजुर ॥

केटी: पाथीभरा देवीलाई भाकेर, लाउन माया पाँचपञ्च राखेर ।
पारिपाखा वन, लाऊँ माया साँच्चै नै सङ्लो छ है मन ॥

केटा: ओलाङचुङको त्यो छुर्पी खाएको, यस्तै मायाा हामीलाई चाइएको ।
भाले रेटियो, खोजेको जस्तो पो भाया भेटियो ॥

केटी: चाँगे हाङपाङ छिन्ताङ फुलबारी, झुक्याउछ्यौ कि मायाले भुल्पारी ।
तोक्पे गोला छेऊ, पाइन मैले मायाको किन होला भेऊ ॥

केटा: ढाँट्ने छल्ने बानी नै छइन, माया गाँसी बसौँला चइन ।
नेपाल चाइना, निरामाया जस्तो त माया पाइन ॥

केटी: सोल्टी मेला दोहोरी खेलेको , मदनमेला धाननाच्ता ठेलेको ।
सुनको गजुर्ले, बिर्सनु भयो कि सोल्टी हजुरले ॥

केटाः छन् छन् पैसा छ पैसा गन्दैछु, त्यै सम्झेर घर्मा आऊ भन्दै छु ।
किन रिसाको, नरिसाऊ सोल्टिनी बिन्ती बिसाको ॥

केटीः घर्मा अर्की श्रीमती छन् होला, छोरा छोरी घरै नै जन होला ।
भन्ज्याङ काट्यौ कि, तन्नेरी भएर मलाई ढाँट्यौ कि ॥

केटाः ट्यामके डाँडा डाँफे र मयूर, ढाँट्या मैले छैन नि हजुर ।
सिनाम जाँदैछु , सत्ते यो बाचा भो कसम खाँदै छु ॥

केटीः छ कि छैन घरमा क्यै पकाउने, पाल्न हो कि फाल्नलाई फकाउने ।
फलाम ओदानी, यो ज्यूले त्यो ज्यानलाई गऱ्यो सोधनी ॥

केटाः चौंरी गोठ र भेडीगोठ हाम्रो छ, बन्दोबस्त सबै थोक राम्रो छ ।
दुःख फालौंला, ताप्लेजुङ लगेर राम्रो पालौंला ॥

केटीः पाथीभरा मन्दिरको गजुर, त्यसो भए हुन्छ है हजुर ।
कोसी तरौंला, दुई चार दिन पछि लौ भेट गरौंला ॥

(स्रोत : बेनु चुडाल, हाङपाङ, हालः दमक, झापा)

## विधागत आधारमा तम्मरै तरौंन' लोकगीतको विश्लेषण

'तम्मरै तरौंन' लोकगीतको विधागत विश्लेषणका लागि लोकगीतका विषयवस्तु, भाषाशैली, संरचना, लय वा भाका, स्थायी अन्तरा, थेगो र उद्देश्यलाई विश्लेषणको मूल आधार मानी यसप्रकार विश्लेषण गरिएको छ :

### विषयवस्तु

'तम्मरै तरौंन'को विषयवस्तु प्रेमी र प्रेमिका बिच भएको सुन्दर जुहारीका रूपमा प्रस्तुत गरिएको लोकगीत हो । यस गीतमा नेपालको कोसी प्रस्रवण क्षेत्रमा बसोवास गर्ने लिम्बू, बाहुन, क्षेत्री, राई, तामाङका साथै सबै जातजातिका मानिसहरू मेलाबजार जाने अनि रमाइलो गर्दै प्रेमीप्रेमिकाले आफूलाई मन पर्ने मायालु छानेर घरबार चलाउने र उनीहरू आफू आफूमा नै प्रण गर्दछन् । आफूहरू मायामा बाँधिन मात्र नभएर विश्वासको दरिलो आधार पनि खोज्दछन् भन्ने कुरा गीतका यस पङ्क्तिले पुष्टि गर्दछ : छ कि छैन घरमा क्यै पकाउने, पाल्न हो कि फाल्नलाई फकाउने, फलाम ओदानी, यो ज्यूले त्यो ज्यानलाई गऱ्यो सोधनी । विशेषतः ताप्लेजुङ, पाँचथर, तेह्रथुम, इलाम, धनकुटा आदि जिल्लाहरूमा लाग्ने मेलाबजारहरूमा भेला भएर युवायुवतीहरू मिठामिठा परिकार खाने अनि उनीहरू आफू आफूमा हाँसखेल ख्यालठट्टा गर्दा गर्दै यस प्रकारका गीतहरू स्वाभाविक रूपमा सिर्जना हुने गर्दछन् । जुवारीका प्रारम्भमा प्रेमी र प्रेमीको चिनजान नै भएको छैन । उनीहरू बजारमा मात्र भेट भएकाले अपरिचित छन् तथापि हाटबजारमा उनीहरूको भेट हुँदा एक नजरमा नै माया बसेको हुन्छ । आफू आफूमा माया प्रेम जागृत भए पनि भेटघाट हुँदा उनीहरूको मन कताकता बरालिएको छ । उनीहरू भन्छन् 'हाँस खेल गरी बिताऊँ है जीवन, त्यसैले खुसियालीका साथ बिताएको जीवन सुखमय हुन्छ भन्ने भाव रहेको छ । प्रेमी र प्रेमिका बिचमा चिनजान भएको छ तापनि विश्वास नभइन्जेल माया लाउने हजारौं हजार भएर पनि तर्किने थुप्रै हुन्छन् भन्दै सच्चा माया लगाउनेको खाँचो छ भनिएको छ ।

APARA (Kathmandu) (Peer-reviewed Research Journal), Vol. 5, 2025 August ISSN NO. 2382-5138

मानिसका मनमा अनेक भावना उठ्दछन् । मानिस बाहिर देख्दा राम्रै देखिए पनि उसको मन चिन्न सकिँदैन भन्ने कुरा साँचो हो । साच्च हृदयदेखि नै माया लगाउने हो भने सङ्लो मन गरे र लगाउनु पर्दछ भन्ने भावना गीतमा व्यक्त भएको छ । यदि हामीले छलकपट नगरी माया प्रेममा बाँधियौँ भने हामीहरूले पक्कै पनि खोजेको र रोजेको माया पाएको अनुभव गर्नेछौँ भन्दछन् । हाम्रो जस्तो माया प्रेम कसैको पनि छैन भन्दै चैन गरेर बस्न सक्दछौँ भन्ने विश्वास व्यक्त भएको छ । प्रेमी प्रेमिका यस्ता मेलाबजारमा भेट भएर चिनाजान गरेका थियौँ त्यसैले हामी अब प्रेममा बाँधिएर हाम्रा जीवनलाई सुन्दर बनाउन बिन्ती गरेको हूँ भन्दै प्रेमीले पनि आग्रह गर्दछ । उता प्रेमिकाले पनि आफ्ना जीवनमा धोका हुन्छ कि या तिम्रा घरमा जहान छोराछोरी छन् कि, मलाई ढाँटेर यसो भन्दै छौ कि भन्दछे । उसलाई अझै प्रेमी विश्वास नभएको भाव व्यक्त भएको छ । प्रेमीले पनि विश्वास दिलाउन तुरुन्तै यो साँचो कुरा हो भनी देवीदेवता भाकेर कसम समेत खादै आश्वस्त पार्दछ । हाम्रा समाजमा प्रेमका बन्धनमा बाँधिन पहिला वाचा बन्धन गरे पनि घर परिवारको आर्थिक अवस्था हेर्ने चलन छ । तिमीसँग म प्रेममा बाँधिएपछि खान लाउन त गारो हुँदैन भन्दा प्रेमीले पनि हामी पनि चौँरी गोठ तथा भेडी गोठ पाल्नेका सन्तान हौँ, कम छैनौँ भनी विश्वास दिउलाउने चलन यहाँका समाजमा छ । मेरा घरमा व्यवस्था राम्रो छ, डराउनु पर्दैन, म तिमीलाई बजारमा लगेर राखौँला भन्दछ । प्रेमिका पनि अब हामी प्रेममा बाँधिने भयौँ । केही समयपछि भेटघाट गरौँला र हाम्रा सुन्दर जीवनको प्रारम्भ गरौँला भन्ने आशाको सञ्चार भएको छ । यसरी यस गीतमा प्रेमी र प्रेमिकाका बिचका शङ्का उपशङ्का, आशा, निराशालाई समेत चिर्दै भविष्यमा जीवन सुखमाय बनाउने वाचा गर्दै गीतको विषय अन्त्य भएको छ ।

भाषाशैली

*'तम्मरै तरौँन'* लोकगीत पुर्बेली कथ्य भाषिकाको प्रयोग भएको लोकगीत हो । सरल तथा सरस शैलीका माध्यमद्वारा लोकगायकले विषयलाई रसिलो ढङ्गले प्रस्तुत गरेका छन् । यस गीतको गायनका क्रममा गायकहरूले सहजताका साथ विषयलाई प्रस्तुत गरेकाले यस गीतमा जटिलता पाइदैन । यस लोकगीतको गायनका क्रममा लोकगायकद्वारा सामान्य रूपमा आउने कथ्य भाषाका शब्दहरूलाई समेत सहज रूपमा प्रयोग गरेका छन् । लोकगीतको गायनका क्रममा आउने उतार चढाबका कारण कहीँ वर्णहरू लोप भएका छन् भने कहीँ वर्णहरूका ध्वनिमा समेत परिवर्तन आएको पाइन्छ : तमोर -तम्मर, भाको-भएको, साहूकी-साउकी मुखिया - मुख्या, चाहिएको चाइएको, छैन- छइन, चैन- चइन, रिसाएको-रिसाको, बिसाएको-बिसाको, घरमा-घर्मा जस्ता कथ्य भाषामा प्रयोग हुने शब्दहरू लोकगायकहरूद्वारा स्वाभाविक रूपमा प्रयोग गरिएका छन् । लोकगायकहरूले यस गीतको गायनका क्रममा हजुर शब्द बारम्बार पुनरावृत्ति भएका कारण गायनलाई सुन्दर बनाउन सहयोग पुगेको छ भने लोकगीतमा आएका पारि पाखा वन, भाले रेटियो, तोक्पे गोला छेऊ, नेपाल चाइना, सिनाम जाँदैछु, फलाम ओदानी जस्ता अर्द्ध चरणहरूले लय मिलाउनका लागि सहज भएको मान्न सकिन्छ । लोकगायकहरूले मन, जीवन, माया, पञ्च, श्रीमती, मयूर, मन्दिर, वन, देवी जस्ता तत्सम शब्द र गजुर, जहान जस्ता आगन्तुक शब्दहरूको स्वाभाविक रूपमा प्रयोग गरेका छन् ।

संरचना

'तम्मरै तरौँन' लोकगीतको बाह्य संरचनामा ३० पङ्क्तिपुञ्ज रहेका छन् । यस लोकगीतमा युवा युवतीका कोमल प्रेमभावलाई प्रस्तुत गरिएको छ । प्रेमी र प्रेमिकाका बिचको हुने दोहोरी या जुहारीका माध्यमद्वारा गायकहरूले कलात्मक रूपमा गाएर विषयलाई रोचक बनाउन प्रेमी र प्रेमिकाको संवादका रूपमा यसको संरचना भएको छ । लोकजीवनमा गाइने यस गीत विषय आदिदेखि अन्त्यसम्म क्रमिक रूपमा आएकाले यसको आन्तरिक संरचना कसिलो बन्न पुगेको छ । गायनका क्रममा लोकगायक गायिकाहरूद्वारा कतै पुरै चरण र कतै अर्द्ध चरणको पुनरावृत्तिका कारण लोकगीतको विषयलाई अगाडि बढाउन प्रस्तुतिमा सहजता भएको पाइन्छ । प्रेमीप्रेमिका बजारमा भेट भएर माया प्रेमका कुराकानी गर्न थाल्नु यसको आदिभाग हो । यस लोकगीतमा मेलाबजारमा भेट भएपछि हाँसखेल गरेर जीवन बिताउने, मन सङ्लो भए मात्र माया लगाउ सहज हुने, देवीदेवता र पञ्चलाई राखेर माया लगाए राम्रो हुने, सोल्टी मेला र मदन मेला गीत गाउनु, गीतमा भनिएका कुरा साँचा हुन् भन्नु यसको मध्यभाग हो । हाम्रो घरमा पनि चौँरी गोठ भेडी गोठ भएको र तिमीलाई प्रेममा बाँधिएमा बजारमा लगेर राख्दछु भनेर दुवै वाचामा बाँधिनु यस गीतको अन्त्यभाग हो । तसर्थ यस गीतको आन्तरिक र बाह्य संरचाना दुबै कसिलो बन्न पुगेको छ ।

लय वा भाका

लोकगीत भाषिक कलात्मक अभिव्यक्ति हो । लोकगीतमा कुनै न कुनै प्रकारको भाका वा लयका प्रयोग हुन्छ (बन्धु, २०५८: ११६) तम्मरै तरौँन' लोकगीतको लय संरचनामा पाँचदेखि दश अक्षर अक्षरसम्मका पङ्क्तिहरू आएका छन् । तिन, तिन, सात र दश अक्षरमा विश्राम हुने यस गीतमा विलम्वित लयको प्रयोग भएको छ । यस गीतमा गायकद्वारा लय मिलाउनका लागि गायनका क्रममा विभिन्न आरोह अवरोहहरूको प्रयोग भएका कारण सजिलै लय मिलेको छ । यस यस गीतमा आएका हरेक पङ्क्तिहरूमा चार, सात र दश अक्षरमा विश्राम हुने हुँदा यस गीतमा सजिलै लय मिलेको पाइन्छ । उदाहरणका रूपमा निम्न पङ्क्तिलाई प्रस्तुत गरिएको छ :

चौँ री गोठ् र भे डी गोठ् हाम् रो छ ,
१ २ ३ ४ ५ ६ ७ ८ ९ १०
बन् दो बस् त स बै थोक् राम् रो छ ।
१ २ ३ ४ ५ ६ ७ ८ ९ १०
दु: ख फा लौँ ला,
१ २ ३ ४
ताप् ले जुङ् ल गे र राम् रो पालौँ ला ॥
१ २ ३ ४ ५ ६ ७ ८ ९ १०

उक्त पङ्क्तिहरूमा लोकगायकहरूले लोकलयका माध्यमद्वारा वर्णहरूलाई कतै लामो र कतै छोटो उच्चारण गरी लय मिलाउने प्रयत्न गरेकाले सहज रूपमा लय मिलेको पाइन्छ । कुनै पङ्क्तिमा

वर्णहरूको उपस्थिति बढी देखिए तापनि लयको तानका कारण सहज रूपमा लय मिलेको पाइनु यसको विशेषता हो ।

### स्थायी वा अन्तरा

'तम्मरै तरौंन' लोकगीतमा लोकगायकहरूले स्थायी र अन्तराको प्रयोग गरेका छन् । गीतमा सुरुदेदि अन्त्यसम्म दोहोरिएर आउने पङ्क्ति नै स्थायी हो । यसले लोकगीतलाई श्रुतिमाधुर्य र मिठासपूर्ण बनाउँछ । लोकगीतमा मिठासपूर्ण बनाउनका लागि गायकहरूले अन्त्यानुप्रासका साथै स्वाभाविक रूपमा अलङ्कार प्रयोग गरेको पाइन्छ । कतिपय शब्द या पङ्क्तिहरू बिचैमा दोहोरिएर आएमा ती स्थायी हुन् । यस गीतमा 'तम्मरै तरौन, पारि पाखा वन, भाले रेटियो, तोक्पे गोला छेऊ, नेपाल चाइना, सिनाम जाँदैछु, फलाम ओदानी जस्ता अर्द्ध चरणहरू दोहोरिएर आएका कारण गीत सुन्दर बन्न पुगेको छ । यस गीतमा आएका अन्य पङ्क्तिहरू अन्तराका रूपमा आएका छन् ।

### उद्देश्य

कुनै पनि कार्य गर्नुको निश्चित उद्देश्य रहेको हुन्छ । लोकसाहित्यका विधाका सम्पादन कर्ताले निश्चित उद्देश्य राखेर नै प्रस्तुत गरेको पाइन्छ । लोकसाहित्यका विधाहरू प्रस्तुत गर्नुको उद्देश्य समाजलाई मनोरञ्जन प्रदान गर्दै अनुष्ठान पूरा गर्नु, धार्मिक कार्य सम्पन्न गर्नु, चाहेको कामना पूरा गर्नु, प्रेमभाव प्रकट गर्नु, मोक्षको चाहना राखी प्रस्तुत गर्नु, संस्कृतिको संरक्षण गर्नु आदि रहेका हुन्छन् । 'तम्मरै तरौंन' लोकगीतको प्रस्तुत गर्नुको मूल उद्देश्य समाजलाई मनोरञ्जन प्रदान गर्दै नेपाली जनजीवन प्रचलनमा रहेका सांस्कृतिक परम्परालाई जीवन्त राख्नु पनि यसको उद्देश्य रहेको छ । यसका साथै प्रेमी र प्रेमिकाका बिच भर्खर भर्खर चिनजान भई रहँदा के कस्ता द्विविधा उत्पन्न हुन्छन् भन्ने कुरा समाजलाई परिचित गराउनु पनि यसको उद्देश्य रहेको छ । यदि समाजमा विवाह बन्धनमा बाँधिने हो भने देवीदेवतालाई साक्षी राखेर बाँधिएको खण्डमा त्यो दिगो हुन्छ भन्ने विश्वास दिलाउनु पनि .यसको उद्देश्य पनि रहेको छ ।

### समाजिक तथा सांस्कृतिक सम्बन्ध

'तम्मरै तरौंन' ताप्लेजुङ जिल्लाका साथै यसका आसपासमा लाग्ने मदनमेला, पुसेमेला, लाखेजात्रा आदि मेलाबजार हाट आदिमा गाइने गीत भएकाले त्यस क्षेत्रको समाज र संस्कृतिको छाप यस लोकगीतमा पनि पाइन्छ । यस क्षेत्रमा थुप्रै मेला बजारहरू लाग्ने गर्दछन् । ती मेलाबजामा युवायुवतीको बाक्लो उपस्थिति रहने परम्परा नै बनेको छ । यहाँ प्रेमीप्रेमिका यस्ता मेलामा भेट भएपछि उनीहरू बिच प्रेमाललाप कसरी हुन्छ भन्ने यस गीतले प्रस्ट्याएको छ । यसका आरम्भमा यसरी गरिन्छ र विषयवस्तु अगाडि बढ्दछ जस्तैः 'केटाःबन्दुकै त पड्कियो रन्जोगले, बेला मौका भेटभयो सन्जोगले, तम्मरै तरौंन, भेट भाको बेलामा चिनजान गरौंन २, केटीः साउकी छोरी मुख्याकी बुहारी, तिमी हामी खेलौन जुहारी , तिनजुरेको वन, मायालाई नभेट्दा रुन्छ मेरो मन' । आज हाम्रो भेट संयोगले हुन पुगेको छ भने तापईँ कहाँ बस्ने के थरी हुनुहुन्छ भनी चिनजान गर्न पाए राम्रो हुने थियो भनी प्रेमी युवकले भन्दछ । उता युवतीले भने म मुखिया साहूकी छोरी हुँ भन्दा म त सामन्य हुँ भनेकाले साहू महाजनहरूलाई ठूलो मान्ने परम्परा यहाँका समाजमा रहेको छ । उता युवतीले म त अर्कैकी भइसकेकी हुँदा मलाई गोली जस्ता वचनले नहान भन्दै अब हामी देवीदेवता र पञ्चलाई राखेर विहाबारी गारौं भनेपछि उनीहरू विवाह गर्न तयार हुन्छन् तसर्थ

यहाँ देवीदेवता र समाजलाई राखेर विवाह गरे दिगो हुन्छ भन्ने मान्यता समाजमा रहेको छ । सोल्टी मेला र मदन मेला लाग्ने र प्रेमीप्रेमिका त्यहाँ माया प्रेममा बाँधिने, भेडी गोठ पाल्ने परम्परा र यसलाई सम्पन्नताको प्रतीक मान्ने चलन यहाँका समाजको संस्कृति नै बन्न पुगेको छ ।

## तनाव व्यवस्थापन

लोकसाहित्यका विधाहरूले मानवजीवनको तनाव व्यवस्थापनमा पनि सहयोग पुऱ्याउने गर्दछन् । आजको समयमा मानिसले जन्मदेखि मृत्युपर्यन्त तनावै तनावले घेरिएको हुन्छ भन्ने मान्यता रहेको छ । तनावलाई मानव आफैँले जीवनमा सृजना गरेको वस्तु हो । यसलाई मनाव थकानका रूपमा पनि लिइन्छ । वास्तवमा तनावले मानव जीवनमा अनेक बाधा अड्चन ल्याउने गर्दछ । यस्ता कुराले नेपाली समाजमा मात्र होइन सम्पूर्ण विश्व परिवेशलाई नै आज आएर प्रभावित पारेको छ । त्यसरी नै नेपाली समाजमा पनि आज आबालवृद्ध वनिता र युवक सबै तनाव ग्रस्त रहेका छन् भन्ने विशवास गरिन्छ । नेपाली लोकजीवनमा प्रस्तुत गरिने लोकगीतले मानिसलाई मनोरञ्जन प्रदान गर्दै तनाव व्यवस्थापनलाई समेत सहयोग पुऱ्याउँछन् ।

'तम्मरै तरौँन' लोकगीत पूर्वका विभिन्न क्षेत्रमा जुवारीका रूपमा गाइन्छ र यो युवायुवतीका बिचमा गाइने लोकप्रिय गीत हो । यस क्षेत्रमा बसोवास गर्ने जातजातिहरू हाटबजारमा जाने, गीत गाउने अनि रमाइलो गर्ने गर्दछन् । जसले उनीहरूका मनमा उब्जिएका तानावलाई समेत व्यवसथापनमा सहयोग पुऱ्याउँछ । यसलाई लोकगायकहरूले प्रस्तुत गर्दा मानिसका मनमा आनन्द अनुभूत गराउँदछ । यो गीत सुनेर बालक होस् या युवायुवती हुन् अथवा वृद्धवृद्धा हुन् ती सबैले स्वाभाविक रूपमा गाएको सुनेर अथवा देखेर आनन्द अनुभव गर्दै नृत्य समेत गर्दछन् । जसले समाजमा तनाव मुक्त गराउन सहयोग गर्दछ । तसर्थ यो गीत गाएको सुनेर तनाव युक्त मानवलाई केही समय भए तनावमुक्त गर्न सहयोग गर्ने हुँदा यसले मानव जीवनमा तनाव व्यवस्थापनमा समेत सहयोग पुग्दछ ।

## निष्कर्ष

लोकसाहित्यमा लोकगीत सशक्त विधा हो । 'तम्मरै तरौँन, ताप्लेजुङ जिल्लाका साथै यस आसपासका जिल्लामा समेत लोकप्रिय गीतका रूपमा प्रचलनमा रहेको छ । यो अद्यापि हाटबजार मेलापातमा गाइदै आएको छ । मौखिक परम्पराका रूपमा प्रचलनमा रहेका यस प्रकारका लोकलोकगीतहरू आज आएर कतिपय लोप हुने अवस्थामा पुगेका छन् भने कतिपय लोप भइसकेका छन् । ताप्लेजुङ जिल्लाका नदीहरूमध्ये तमोर र काबेली नदी महत्त्वपूर्ण नदीहरू हुन् । तमोर सप्तकोशीको सहायक नदी हो र पौराणिक कालदेखि नै यस क्षेत्रको पवित्र नदीका रूपमा मानिने यसलाई तम्मर या तमोर भनेर यस क्षेत्रमा चिनिन्छ । यस क्षेत्रमा गाइने जुहारी अर्थात् दोहारी गीतहरूमध्ये यो पनि लोकप्रिय गीत हो । विशेषत: ताप्लेजुङ जिल्ला र यसका आसपासका जिल्लामा गाइदै आएका यस प्रकारका गीतहरू प्रशस्त मात्रामा उपलब्ध छन् । यो क्षेत्र विभिन्न जातजातिका मानिसहरूको बसोवास रहेको हुँदा उनीहरूका आआफ्नै सांस्कृतिक तथा समाजिक परम्परा रहेका छन् त्यसको प्रभाव लोकसहित्यका विधामा पर्नु अस्वाभाविक होइन । यस गीतमा पनि यस क्षेत्रमा बसोवास गर्ने मनिसहरूको सामाजिक तथा सांसकृतिक छापरहेको पाइन्छ । लोकजीवनमा परम्परादेखि मौखिक रूपमा प्रवाहित हुँदै आएको 'तम्मरै तरौँन' गीतको यहाँ विधातत्त्वका आधारमा गरिएको अध्ययन हो । यसका साथै यहाँ सामाजिक तथा सांस्कृतिक सम्बन्ध र

यसले तनाव व्यवस्थापनमा पार्ने प्रभावलाई समेत आधार मानेर विवेचना गरिएको छ । यस गीतमा प्रेमी र प्रेमिकाका बिचमा हुने जुहारी या दोहोरीमा उनीहरू मेलाबजार जाने र त्यहाँ उनीहरूले चिनाजान गरेर पछिबाट घरजाम गर्ने कुरा सम्मको अठोट गरेको पाइन्छ । उनीहरूका बिचमा जे जस्ता शङ्का उपशङ्का भए पनि देवीदेवता र पञ्चलाई राखेर गरेको कार्य दिगो हुन्छ भन्ने मनोभावना रहेकाले त्यहाँका समाजमा मागेर नै विवाह गर्ने परम्परा रहेको प्रस्ट हुन्छ ।

## सन्दर्भ सामग्री

पराजुली, कृष्णप्रसाद (२०५७), *नेपाली लोकगीतको आलोक,*. काठमाडौँ: वीणा प्रकाशन ।

पराजुली, मोतीलाल (२०७४) प्रदर्शनकारी कला, (प्रादेशिक अनुसन्धान प्रदेश नं ४) काठमाडौँ: नेपाल सङ्गीत तथा नाट्य प्रज्ञाप्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ: एकता प्रकाशन ।

राष्ट्रिय जनगणना (२०७८), काठमाडौं : राष्ट्रिय तथ्याङ्क कार्यालय ।

लामिछाने, कपिलदेव (२०७७) लोकसाहित्य सिद्धन्त, काठमाडौं : नेपाल प्रज्ञाप्रतिष्ठान ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६३), *लोकवार्ता विज्ञान र लोकसाहित्य,* काठमाडौँ: विद्यार्थी पुस्तक भण्डार ।

सम्पर्क व्यक्ति: श्री बेनु प्रसाद चुडाल, हाङपाङ, ताप्लेजुङ, हाल: दमक, झापा ।